# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

भेरी अञ्चल अस्पतालमा कार्यरत वरिष्ठ हाउस किपिङ्ग निरीक्षक शोभा कुमारी पौडेलले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरी कार्यरत रहेको हुँदा निजको शैक्षिक योग्यताका प्रमाण-पत्रहरु उपर छानबिन गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यामिक शिक्षा परिषद, उत्तर प्रदेश भारत अन्तर्गतको GOVT GIRLS INTER COLLEGE BAHRAICH बाट आई.ए तह पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवा प्रवेश गरी सेवामा बहाल रही लाभ समेत लिएको पुष्टी भएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूर गरेको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसूरको मात्रा अनुसार, छ महिनादेखि एक बर्षसम्म कैद र दश हजार रुपियाँ देखि बीस हजार रुपियाँसम्म जरिवाना हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता